# EUROPEAN UNION ELECTION OBSERVATION MISSION
# NEPAL Constituent Assembly Election 2008

**ईयू निर्वाचन पर्यवेक्षकहरूद्वारा उम्मेदवारलाई गोली प्रहारको घटनाको कडा शब्दमा भर्त्सना**

**काठमाडौँ, २०६४ चैत ७** - युरोपेली सङ्घ (ईयू) निर्वाचन पर्यवेक्षण मिसन (ईयू ईओएम) बाँकेमा राष्ट्रिय जनमोर्चा नेपालका तर्फबाट संविधानसभाको निर्वाचनमा उम्मेदवार भएका कमलप्रसाद अधिकारीलाई गोली प्रहार गरिएको घटनाको कडा शब्दमा भर्त्सना गर्दछ ।

“म यो दुखद घटनाबाट अत्यन्त चिन्तित छु र पीडितको परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछु,” आज बाँके जिल्लाको नेपालगन्ज भ्रमण गरिरहनुभएका ईयू ईओएम प्रमुख पर्यवेक्षक जान मुल्डरले भन्नुभयो । “ईयू पर्यवेक्षण मिसन हिंसाको निन्दा गर्दछ । प्रजातान्त्रिक निर्वाचनमा यसको कुनै पनि स्थान छैन ।”

श्री मुल्डरले काठमाडौँमा मङ्गलबार आयोजित एउटा पत्रकार सम्मेलनमा ईयू निर्वाचन पर्यवेक्षण मिसनको उद्घाटन गर्नुभयो । विभिन्न २२ ईयू मुलुकका १२० पर्यवेक्षकहरू नेपालभर खटिनेछन् र यो मिसन संविधानसभाको निर्वाचनभन्दा केही हप्तापछिसम्म यस देशमा रहनेछ ।

थप जानकारीका लागि सम्पर्क गर्नुहोस् :
अन्ना ओवेन, प्रेस अधिकृत
मोबाइल : ९७७ ९८४१ ८९०८८१
ल्यान्डलाइन : ९७७ १ ४४४१५०१/२
इमेल *anna.owen@eueomnepal.org*
कार्यालय : होटेल याक एन्ड यती, पश्चिमी पाटो तेस्रो तला, दरबार मार्ग, काठमाडौँ
वेबसाइट : *www.eueomnepal.org*